## सोह्रौ बैठक, मिति २०७४।१२।५

आज मिति २०७४।१२।५ गतेका दिने नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिकाको नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | अनुपस्थित |
| सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| सदस्य श्री सीता रिजाल | दस्तखत |
| सदस्य श्री सानु दास | दस्तखत |
| सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| सदस्य श्री सावित्री राई | दस्तखत |
| सदस्य श्री पृथसिं सुनुवार | दस्तखत |
| सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |
| प्र.प्र.अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |

अन्य उपस्थिति:

| | |
|---|---|
| इन्जिनियर श्री दिपकप्रसाद गुरागाई | दस्तखत |

**निर्णय नं.१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) अनुसार इलाम नगरपालिकाअन्तर्गत इलाम नगरपालिका, स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २,**

इलाम नगरपालिका, नगर शिक्षा समिति इलामको मिति २०७४।११।९ को निर्णयानुसार गठित कार्यदलको मिति २०७४।१२।४ मा कार्यालयमा प्राप्त प्रतिवेदन समेतका आधारमा तत्काललाई नगरपालिकामा थप आर्थिक व्ययभार नपर्ने गरी देहायका विद्यालयहरुमा विद्यालय खोल्न/कक्षा थप गर्न स्वीकृति प्रदान गर्नेसम्बन्धी इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ को नियम ८ को उपनियम ३ अनुसार स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

| विद्यालयको नाम | ठेगाना | कक्षा माग | कैफियत |
|---|---|---|---|
| श्री साँघुटार इङ्गलिस स्कुल | इलाम न.पा.वार्ड नं. ९ | कक्षा एक | संस्थागत |
| श्री हेलियोसिस अंग्रेजी स्कुल | इलाम न.पा.वार्ड नं. ९ भन्ज्याङ्ग | कक्षा छ | संस्थागत |
| श्री गोल्डेन फ्युचर अंग्रेजी स्कुल | इलाम न.पा.वार्ड नं. ९ भन्ज्याङ्ग | कक्षा दस | संस्थागत |
| श्री इलाम पुवाभ्याली अंग्रेजी स्कुल | इलाम न.पा.वार्ड नं. ४ पुवाखोला | कक्षा पाँच | संस्थागत |
| श्री महमाई आ.वि. दुधाङ्ग | इलाम न.पा.वार्ड नं. ५ बरबोटे | कक्षा चार | सामुदायिक |

**निर्णय नं. ३,**

इलाम नगरपालिकाअन्तर्गत सबै संस्थागत तथा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि १२ सम्म नै इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ समेतका आधारमा कुनै एक विद्यालयमा २ भन्दा बढी संकायको पठनपाठन नहुने गरी एउटै समयमा सबै कक्षाको पठनपाठन गर्ने गराउने व्यवस्था हुन निर्णय गरियो ।

**निर्णय नं. ४,**

नेपालको संविधानको धारा २१७ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिमको इलाम नगरपालिकाको न्यायिक समिति दोस्रो नगर सभाबाट निर्वाचित भई पूर्णता प्राप्त गरिसकेकोले २०७४ साल चैत्र ६ गते दिउँसो ११ बजे न्यायिक समितिका पदाधिकारीहरुको पद तथा गोपनियताको सपथ ग्रहण कार्यक्रम आयोजना गर्ने तथा हालको नगर

सभा भवनमा न्यायिक समितिको इजलास व्यवस्थापन गर्न भौतिक पूर्वाधार अपुग हुने भएकाले पायक पर्ने ठाउँमा घरभाडा लिनु पर्ने भए सो समेत लिई आवश्यक फर्निचर व्यवस्थापनसहित न्यायिक समितिको इजलास सचिवालयमा भौतिक तथा मानव संशाधन व्यवस्थापन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाइसम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ भन्ने प्रावधान रहेकोमा सो अनुसार गर्दा समय तथा लागत खर्च समेत बढी हुने र प्रक्रिया लामो हुने हुँदा सोको सहजीकरण तथा छिटोछरिता काम अगाडि बढाउन इलाम नगरपालिका कर्मचारी व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा मासिक दसहजार वा सोभन्दा कम रुपैया पारिश्रमिक भएको पदमा प्रमुख प्रशासकीय अधिकृतले वार्ताद्वारा खास तोकिएको कामका लागि आंशिक करार गराई कामकाज लगाउन सक्नेछ भन्ने व्यवस्थापन रहेको हुनाले सो अनुसार नगर कार्यपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुमा उल्लेख भए अनुसारको पदहरुमा करार सेवाको माध्यमबाट कामकाज गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

## सोह्रौ बैठक, मिति २०७४।१२।५

आज मिति २०७४।१२।५ गतेका दिने नेपालको संविधानको धारा २१६ अनुसार गठित इलाम नगरपालिकाको नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | अनुपस्थित |
| सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| सदस्य श्री सीता रिजाल | दस्तखत |

सदस्य श्री सानु दास दस्तखत
सदस्य श्री इन्दिरा पौडेल क्षेत्री दस्तखत
सदस्य श्री सावित्री राई दस्तखत
सदस्य श्री पृथसिं सुनुवार दस्तखत
सदस्य श्री श्यामकमल मुखिया दस्तखत
सदस्य श्री गीताराम विश्वकर्मा दस्तखत
प्र.प्र.अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग दस्तखत

अन्य उपस्थिति:

इन्जिनियर श्री दिपकप्रसाद गुरागाई दस्तखत

**निर्णय नं. २,**

इलाम नगरपालिका, नगर शिक्षा समिति इलामको मिति २०७४।११।९ को निर्णयानुसार गठित कार्यदलको मिति २०७४।१२।४ मा कार्यालयमा प्राप्त प्रतिवेदन समेतका आधारमा तत्काललाई नगरपालिकामा थप आर्थिक व्ययभार नपर्ने गरी देहायका विद्यालयहरुमा विद्यालय खोल्न/कक्षा थप गर्न स्वीकृति प्रदान गर्नेसम्बन्धी इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ को नियम ८ को उपनियम ३ अनुसार स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

| विद्यालयको नाम | ठेगाना | कक्षा माग | कैफियत |
|---|---|---|---|
| श्री साँघुटार इङ्गलिस स्कुल | इलाम न.पा.वार्ड नं. ९ | कक्षा एक | संस्थागत |
| श्री हेलियोसिस अंग्रेजी स्कुल | इलाम न.पा.वार्ड नं. ९ भन्ज्याङ्ग | कक्षा छ | संस्थागत |
| श्री गोल्डेन फ्युचर अंग्रेजी स्कुल | इलाम न.पा.वार्ड नं. ९ भन्ज्याङ्ग | कक्षा दस | संस्थागत |
| श्री इलाम पुवाभ्याली अंग्रेजी स्कुल | इलाम न.पा.वार्ड नं. ४ पुवाखोला | कक्षा पाँच | संस्थागत |
| श्री महमाई आ.वि. दुधाङ्ग | इलाम न.पा.वार्ड नं. ५ बरबोटे | कक्षा चार | सामुदायिक |

**निर्णय नं. ३,**

इलाम नगरपालिकाअन्तर्गत सबै संस्थागत तथा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि १२ सम्म नै इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ समेतका आधारमा कुनै एक विद्यालयमा २ भन्दा बढी संकायको पठनपाठन नहुने गरी एउटै समयमा सबै कक्षाको पठनपाठन गर्ने गराउने व्यवस्था हुन निर्णय गरियो ।